नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम

सिंहदरबार, काठमाण्डौं, नेपाल
फोन नं.: ४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http://pmep.gov.np

प.सं. २०७९/८०
च.नं. /pmep/ ३

मिति:-२०७९।०४।०२

श्री गाउँ तथा नगर कार्यपालिकाको कार्यालय,
सवै।

<u>विषय:- सेवा करार सम्वन्धमा ।</u>

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्रमा कार्यरत केही रोजगार संयोजक तथा प्राविधिक सहायकको करार सम्झौता भङ्ग गरेको सम्बन्धमा प.सं. ०७८/७९, च.न. ३५७ मिति २०७९/०३/१५ मा यस कार्यक्रमबाट ध्यानाकर्षण गराइएकोमा केही स्थानीय तहबाट "रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्वन्धी मापदण्ड, २०७६" र "स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्वन्धी मापदण्ड २०७८" मा व्यवस्था भए बमोजिम कार्य सम्पादन मूल्याङ्कनका आधारमा करार नवीकरण गर्नु पर्नेमा केही स्थानीय तहले कार्यपालिकाको निर्णयका आधारमा करार भङ्ग गरेको जानकारी प्राप्त हुन आएकोले यस कार्यक्रमको पुन: गम्भिर ध्यानाकर्षण भएको छ ।

कार्यक्रमको शुरुवात देखि नै भर्ना गरिएका जनशक्तिलाई तलब, भत्ता र अन्य सेवा सुविधा प्रदान गरी निजहरुको अभिमुखीकरण एवं क्षमता विकासकालागि संघीय सरकारले लगानी गरी मानव पूँजि निर्माण गरेको र यो कार्यक्रम केन्द्रिय सशर्त अनुदान अन्तर्गत संचालित कार्यक्रम हो भन्ने समेत ख्याल नगरी एकमुष्ठ रुपमा कर्मचारीको सेवा टुटाउनाले प्रधानमन्त्री रोजगार कार्यक्रम र युवारुप कार्यक्रमको सोच, लक्ष्य र उद्देश्यमा दखखल पर्न गएकोले कानूनी प्रकृया अनुसार वाहेक सेवाबाट नहटाउन पुन: अनुरोध गरिन्छ ।

(डण्डुराज घिमिरे)
राष्ट्रिय कार्यक्रम निर्देशक